**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

# प्रेस विज्ञप्ति - २००६ अप्रिल २७

## नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिका उच्चायुक्तको कार्यालयले नेकपा ( माओवादी) को एकतर्फी युद्धविराम मानवअधिकार निम्ति सकारात्मक अवसरका रुपमा स्वागत गर्दछ

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी) द्वारा गरिएको तीन महिने एकतर्फी युद्धविरामको स्वागत गर्दछ । युद्धलाई आपसी संवादको समावेशी प्रक्रियामार्फत अन्त्य गरी शान्ति स्थापना गर्न महासचिव कोफी अन्नानले पटक पटक दोहोऱ्याउनुभएको भनाइको नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्मरण गर्दछ ।

नेकपा (माओवादी) का अध्यक्षद्वारा २००६ अप्रिल १७ मा जारी वक्तव्यमा उल्लेखित मानवअधिकार तथा मानवीय सिद्धान्तहरूप्रतिको प्रतिवद्धता कार्यान्वयन गर्न नेकपा (माओवादी) लाई नयाँ युद्धविरामले एक सकारात्मक अवसर प्रदान गर्दछ । वक्तव्यले अन्तर्राष्ट्रिय मानवीय र मानवअधिकार कानुनका मान्यताप्रति प्रतिवद्धता र सम्मान व्यक्त गर्दछ । सो वक्तव्यमा केही खास प्रतिवद्धताहरू रहेका छन्, जसलाई कार्यान्वयन गरिएमा, राजनीतिक वहुलवादलाई टेवा पुग्नुका साथै यातना, गोप्य वा स्वेच्छाचारी थुना एवं १८ वर्षभन्दा मुनिका बालबालिकालाई जनमुक्ति सेनामा भर्ती गर्ने कार्यको अन्त्य हुनेछ ।

वक्तव्यमा नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयलाई सहयोग गर्ने प्रतिवद्धता पनि व्यक्त गरिएको छ । सबै खालका मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न उच्चायुक्तको कार्यालयले सबै तहमा
नेकपा (माओवादी) सँगको आफ्नो संलग्नतालाई तीव्र पार्नेछ ।

"नेपालमा मानवअधिकारको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउन तथा सात पार्टी गठबन्धनसँग भएको १२ बुँदे समझदारीलाई पूरा गर्ने प्रतिबद्धता प्रमाणित गर्न नेकपा (माओवादी)ले केही महत्वपूर्ण कदमहरू चाल्न सक्नेछ । प्रथमतः अझैसम्म आफूसँग भएका अपहृत सबै सर्वसाधारणलाई तुरुन्त रिहा गरिनुपर्छ । दोस्रो, विभिन्न राजनीतिक दलहरूसँग सम्बद्ध सर्वसाधारणलाई आफ्ना कार्यकर्ताहरूले दबाब दिनुहुँदैन भन्ने कुराको सुनिश्चित गर्नुका साथै राजनीतिक वहुलवादको सम्मान गर्नुपर्दछ । तेस्रो, सुरक्षाकर्मीका परिवारहरूविरुद्ध गरिएका कारबाहीहरूको अन्त्य गर्नुपर्दछ,"संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपाल प्रतिनिधि इयान मार्टिनले भन्नुभएको छ ।

"साथै, अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको खिलाफमा रहेको आतङ्ककारी तथा विध्वंशात्मक गतिविधि (नियन्त्रण र सजाय) अध्यादेशको प्रयोग नगर्न तथा यसका प्रावधानअन्तर्गत थुनिएकाहरूको मुद्दा तुरुन्त समीक्षा गर्न नयाँ सरकारलाई अनुरोध गर्दछु ।"

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***